**आकाशवाणी समाचार- नेपाली**

मितिः २० मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगालका राज्यपाल आरएन रविले हिज वरिष्ठ प्रशासनिक र पुलिस अधिकारीहरूसँग बैठक गरी राज्यमा विद्यमान कानून र व्यवस्था र सुरक्षा स्थितिको समीक्षा गर्नु भएको छ ।

- कलकत्ता उच्च न्यायालयले प्रवर्तन निदेशालयका अधिकारीहरूमाथि हमला गरेको मामिलाका आरोपी सन्देशखालीका निलम्बित तृणमूल नेता शेख शाहजहाँको जमानत याचिकालाई खारेज गरिदिएको छ ।

- **३भाजपाले दार्जिलिङमा नोमन राई, कालेबुङबाट भरत छेत्री र खरसाङबाट सोनाम लामालाई भाजपा उम्मेदवार घोषित गरेको छ |**

- **.खरसाङबाट भाजपा उम्मेदवार सोनाम लामाले** पहाडमा भाजपालाई सजिलो छैन, तर यदि कसैले इमान्दारीपूर्वक काम गर्छ भने पार्टीले मौका दिने रहेछ भनी बताएका छन् ।

- खरसाङ खण्ड लङ्भ्यू चियाबारीको कालीखोला क्षेत्रमा हिज साँझतिर एउटा जङ्गली हात्तीको आक्रमणमा परेर एक वृद्धा महिला गम्भीर रूपमा घाइते बनेकी छन्।

**<u>राज्यपालले वरिष्ठ अधिकारिहरुको साथ सुरक्षा व्यवस्थाको समीक्षा गर्नुभयो ,</u>**

पश्चिम बंगालका राज्यपाल आरएन रविले हिज वरिष्ठ प्रशासनिक र पुलिस अधिकारीहरूसँग बैठक गरी राज्यमा विद्यमान कानून र व्यवस्था र सुरक्षा स्थितिको समीक्षा गर्नु भएको छ ।बैठकमा मुख्य सचिव, गृह विभागका प्रधान सचिव, पुलिस महानिर्देशक, अतिरिक्त पुलिस महानिदेशक र कोलकाता पुलिस आयुक्त र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित रहेका थिए।राज्यपालले अधिकारीहरूलाई निर्देशन दिनु भएको छ कि राज्यमा कानूनको शासनको स्पष्ट प्रभाव देखिनु पर्छ। उहाँले असामाजिक तत्व र गुण्डाहरू विरुद्ध प्रभावकारी कारबाहीको सुनिश्चितता गरिनुपर्ने र आम जनतामा सुरक्षाको विश्वास कायम गर्नुपर्ने बताउनु भएको छ ।उहाँले मतदाताले घरबाट निडर भएर स्वतन्त्र र निष्पक्ष निर्वाचन प्रक्रियामा सहभागी हुन सक्ने व्यवस्था गरिनुपर्नेमा जोड दिनु भएको छ ।राज्यपालले अधिकारीहरूलाई चुनावको समयमा सुरक्षा व्यवस्थालाई अझ बलियो बनाउन र कुनै पनि प्रकारको अव्यवस्थालाई कडाइका साथ रोक्न सतर्क रहन आग्रह गर्नु भएको छ ।

**<u>विस चुनाउ- 2026 : भवानीपुरमा शुभेन्दुले शुरू गरे प्रचार</u>**

भवानीपुरमा हिज भारतीय जनता पार्टी (भाजपा) उम्मेद्वार तथा पश्चिम बंगाल विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीले चुनावी प्रचारको शुरूआत गरेका छन् । तथापि उहाँको प्रचार शुरू हुन अगावै क्षेत्रको स्थिति तनाउपूर्ण भएको थियो । शुभेन्दु अधिकारी त्यहाँ पुग्नअघि नै भारतीय जनता पार्टी (भाजपा)- का कार्यकर्ता र समर्थकहरू त्यहाँ ठूलो संख्यामा भेला भएका थिए जसको जवाफमा तृणमूल कंग्रेसका कार्यकर्ताहरू पनि एकत्र भएका थिए । दुई पक्षबीच नाराबाजी शुरू हुनसाथ हेर्दा-हेर्दै चर्का-चर्कीको स्थितिमा पुगेको थियो ।
केही समयपछि वरिष्ठ भाजपा नेता तापस रायसित शुभेन्दु अधिकारी घटनास्थलमा पुगेका थिए । स्थितिलाई ध्यानमा राखेर केन्द्रिय बल अनि पुलिसले हस्तक्षेप गरी दुवै पक्षलाई शान्त बनाएको थियो ।
यस अवसरमा शुभेन्दु अधिकारीले भन्नु भयो , भवानीपुरका मानिसहरू परिवर्तन चाहन्छन्। उनीहरूलाई यहाँ पठाइएको हो। उहाँले

आगामी चुनाउमा जीत निश्चित रहेको दाबी समेत गरेका छन् ।

**विस चुनाउ- 2026 : भाजपामा अब बाहिरा नेताहरूले मौका पाउने छैनन्: दिलीप घोष**

पश्चिम बंगाल विधानसभा चुनाउको लागि तृणमूल कंग्रेसले पहिला नै आफ्ना उम्मेद्वारहरूको सूची जारी गरेको छ। यस सूचीलाई लिएर केही जिल्लाहरूमा तृणमूलका कार्यकर्ता तथा समर्थकहरूबीच असन्तोष देखिँदैछ। यस स्थितिमा भाजपा नेता दिलीप घोषले स्पष्ट पारेका छन्, तृणमूलका केही नेताहरू भाजपामा जान चाहन्छन्, तर यसपालि कसैलाई पनि अवसर दिइनेछैन। हिज बिहान खड़गपुरमा पत्रकारहरूसित बातचित गर्दै खड़गपुर सदरबाट भाजपा उम्मेद्वार दिलीप घोषले भन्नु भयो , तृणमूल, उनीहरूका विधायक औ मन्त्रीहरूले यति धेरै कट मनी खाइसकेका छन् कि उनीहरूलाई यसको आदत लागिसकेको छ। 74 जना विधायकहरूको टिकट काटिएको छ, सबै रूष्ट भएका छन् तथा आधाले टिकटको लागि भाजपासित सम्पर्क गरिरहेका छन्। पछिल्लो पटक हामीले गल्ती गरेका थियौं, हामीले हार्ने मानिसहरूलाई टिकट दिएका थियौं जसको परिणाम हमीले भोग्नु परेको थियो । यसपालि भाजपाले कसैलाई पनि सामेल गर्नेछैन।

**कलकत्ता उच्च अदालतद्वारा शेख शाहजहाँको जमानत याचिका खारेज**

कलकत्ता उच्च न्यायालयले प्रवर्तन निदेशालयका अधिकारीहरूमाथि हमला गरेको मामिलाका आरोपी सन्देशखालीका निलम्बित तृणमूल नेता शेख शाहजहाँको जमानत याचिकालाई खारेज गरिदिएको छ । न्यायमूर्ति सुव्रा घोषको एकल पीठले जमानत याचिकामाथि सुनवाई गर्दै केन्द्रिय अन्वेषण ब्यूरोका तर्कहरूलाई स्वीकार गरेको छ अनि भनेको छ , आरोपीलाई रिहा गरियो भने उसले गवाहहरूलाई प्रभावित पार्नसक्ने छ तथा प्रमाणहरूलाई छेड़छाड़ गर्ने आशंका छ। तथापि अदालतले यो पनि स्पष्ट पारेको छ , जाँचको प्रगति र नयाँ तथ्यहरूको आधारमा उसले भविष्यमा फेरि जमानत याचिकादर्ता गराउनसक्ने छ ।उल्लेखनीय छ, जनवरी 2024- मा बहुकड़ोर सार्वजनिक वितरण प्रणाली घोटालाको जाँचको सिलसिलामा उत्तर 24 परगना जिल्लाको सन्देशखालीस्थित शाहजहाँको आवासमा छापामारी गर्न आएको प्रवर्तन निदेशालयको टीममाथि शाहजहाँका समर्थकहरूले हमला गरेका थिए।यस अतिरिक्त शाहजहाँमाथि सन्देशखालीमा अवैध भूमि कब्जा, खेतको जमीनमा पानी भरेर माछा पालन तथा महिलाहरूसित यौन उत्पीड़न जस्ता गम्भीर आरोपहरू पनि लगाइएको छ।

**भाजपाले दार्जिलिङमा नोमन राई र कालेबुङबाट भरत छेत्रीलाई बनायो उम्मेदवार**

भारतीय जनता पार्टीले पश्चिम बंगालमा प्रस्तावित विधानसभा चुनाउको लागि आफ्नो उम्मेदवारहरूको दोस्रो लिस्ट जारी गरेको छ। यसमा पहाडका तीनवटा विधानसभा समष्टिहरुका लागि पनि उम्मेदवारहरुको नाम सामेल छन्। भाजपाले दार्जिलिङ सिटबाट गोर्खा जनमुक्ति युवा मोर्चाका अध्यक्ष नोमन राईलाई उम्मेदवार बनाएको छ। त्यसरी नै कालेबुङबाट भारतको पूर्व राष्ट्रिय हक्की खेलाडी एवं पूर्व कप्तान भरत छेत्रीलाई आफ्नो उम्मेदवार बनाएको छ। यस क्रममा खरसाङबाट भाजपाले आफ्नै पार्टीका दार्जिलिङ जिल्ला महासचिव सोनाम लामालाई टिकट दिएको छ।

**खरसाङबाट सोनाम लामा बने भाजपा उम्मेदवार**

विभिन्न अड्कलबाजीहरु माझमा अन्तत: भारतीय जनता पार्टीले खरसाङ निवासी सोनाम लामालाई खरसाङ विधानसभा समष्टिको लागि आफ्नो उम्मेदवार बनाएको छ। सोनाम लामा भाजपाको दार्जिलिङ जिल्ला महासचिव हुन्। उनले आफ्नो राजनीतिक यात्रा बिमल गुरुङको समयमा विद्यार्थी मोर्चाको लिडरको रुपमा शुरु गरेर 2017 को गोर्खाल्याण्ड आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए। उनी पछिबाट भाजपामा सामेल भए।भारतीय जनता पार्टीको तर्फबाट यसपालीको विधानसभा चुनाउमा खरसाङ विधानसभा समष्टिमा सोनाम लामालाई टिकट दिएपछि खरसाङको पार्टी कार्यालयमा पार्टी कार्यकर्ताहरुले खुशी साथ सोनाम लामालाई स्वागत जनाउँदै खदामाला गरेका छन्। पार्टी कार्यकर्ताहरुले आफ्नै पार्टीका दार्जिलिङ जिल्ला महासचिव एवं खरसाङ निवासी सोनाम लामालाई नै टिकट दिएपछि खुशीसाथ स्वीकार गरेको देखिएको छ। पार्टी कार्यकर्ताहरुले स्वागत जनाएपछि पत्रकारहरुलाई सम्बोधन गर्दै पार्टीले दिएको दायित्वप्रति लामाले खुशी व्यक्त गरेका छन् । उनले पहाडमा भाजपालाई सजिलो छैन, तर यदि कसैले इमान्दारीपूर्वक काम गर्छ भने पार्टीले मौका दिने रहेछ भनी बताएका छन् ।

उनले भने, खरसाङको जनताले पहिले पनि भाजपालाई जिताएको हो। तर, नमिठो अनुभव भयो। त्यसताक प्रार्थी नहेरेर भाजपा पार्टीलाई हेरेर जिताएको हो। यसपालीको जीत मेरो होइन तपाईहरुको जीत हुनेछ। म हजुरहरुले सोचेकोभन्दा दोब्बर तरिकाले काम गर्नेछु।'

**माटीगाड़ा-नक्सलबाड़ी विधानसभा क्षेत्रमा चुनावी कार्यालयको उद्घाटन**

भारतीय जनता पार्टी (भाजपा) ले माटिगडा–नक्सलबाड़ी विधानसभा क्षेत्रमा आफ्नो कार्यालयको उद्घाटन गरेको छ। दार्जिलिङका सांसद राजु बिष्टको उपस्थितिमा भाजपा उम्मेदवार आनन्दमय बर्मनले हिज बागडोगराको गोन्साईपुर क्षेत्रको कलेज मोडमा आयोजित एक कार्यक्रममा निर्वाचन कार्यालयको उद्घाटन गरेका हुन्। यसैबीच, सांसद राजू बिष्टले तृणमूल कांग्रेसमाथि कडा प्रहार गर्दै भन्नु भयो , 'विगत १५ वर्षदेखि राज्यका जनता अत्याचार र कुशासनबाट त्रस्त छन् । तृणमूल कांग्रेसलाई 'कोरोनाभाइरस'सँग तुलना गर्दै सांसदले यसपटक जनताले यो 'रोग'को अन्त्य गर्ने बताउनु भयो ।
भाजपाका उम्मेदवार आनन्दमय बर्मनले पार्टी आम जनतासम्म पुग्न निरन्तर काम गरिरहेको र राज्यका जनता अब परिवर्तन चाहन्छन् भनि बताउनु भयो बर्मनले आगामी विधानसभा निर्वाचनमा जनताले परिवर्तनको पक्षमा मतदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

**नारी शक्ति खरसाङ टाउन कमिटीको सांगठनिक सभा सम्पन्न**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटी नारी शक्तिको विस्तारलाई लिएर हिज खरसाङ महकुमा कार्यालयमा महकुमा समिति नारी शक्तिका अध्यक्ष तथा नगरपालिका क्षेत्रकी चुनाउ प्रभारी सबिता कार्कीको अध्यक्षतामा सभा सम्पन्न भएको छ ।सभामा विपक्षी राजनीतिक पार्टी त्यागेर भागोप्रमोमा सामेल भएकी नवनियुक्त टाउन कमिटी नारी शक्तिकी कार्यकारीणी सदस्या शितल रसाइलीले विपक्ष पार्टीमा रहँदाको अनुभव साझा गरिन्। सभामा खरसाङ नगरपालिकाका वार्ड नम्बर एकदेखि बीससम्मका 57 जना नारीहरूलाई टाउन कमिटीको विभिन्न पदमा मनोनित गर्दै नियुक्ति पत्र प्रदान गरिएको छ । खरसाङ टाउन कमिटी नारी शक्तिद्वारा राखिएको सभामा केन्द्रिय समिति सदस्य जैतून निशा खातुन, खरसाङ महकुमा क्षेत्रका चुनाउ प्रभारी समीर दीप ब्लोन, टाउन कमिटीका अध्यक्ष राजु शर्मा, 28 नम्बर चिम्नी देउराली समष्टिका अध्यक्ष सुष्मा मुखिया आदि उपस्थित रहेका थिए।

**हात्तीको आक्रमणमा एक वृद्धा घाइते**

खरसाङ खण्ड लङ्भ्यू चियाबारीको कालीखोला क्षेत्रमा हिज साँझतिर एउटा जङ्गली हात्तीको आक्रमणमा परेर एक वृद्धा महिला गम्भीर रूपमा घाइते बनेकी छन्। प्रत्यक्षदर्शीका अनुसार, महिला आफ्ना दुई साथीसँग इभिनिङ वाकमा गएकी थिइन्। त्यसै समय अचानक जङ्गली हात्तीसँग जम्काभेट हुँदा हात्तीले आक्रमणगरी उनलाई जङ्गलतर्फ तानेर लगेको र त्यही क्रममा उनी गम्भीर घाइते बनेकी हुन्।
समाचार लेखून्जेलसम्म महिलाको अवस्था चिन्ताजनक रहेको जानकारी पाइएको छ। घटनाको खबर पाएपछि तत्कालै स्थानीय वन विभागका कर्मचारीहरू घटनास्थलमा पुगेर घाइते महिलालाई उद्धार गरी उपचारका लागि अस्पताल पठाएको जानकारी प्राप्त भएको छ।

**मौसम**

पश्चिम बंगाल र सिकिम्ममा निम्न हिमालय क्षेत्रमा आज भारी वर्षाको अनुमान रहेकोछ। मौसम विभाग अनुसार हिमाचल प्रदेश अनि उत्तराखंडमा पनी भारी वर्षाको आशंका व्यक्त गरेको छ । दिल्ली, हरियाणा, चंडीगढ, बिहार, झारखंड, मध्य प्रदेश, ओडिशा, पंजाब र उत्तर प्रदेशमा मेघ गर्जन सहित वर्षा अनि असिनाको संभावना रहेको छ । कर्नाटकको तटवर्ती क्षेत्रहरु, तमिलनाडु, पुद्दुचेरी, कराईकल, केरल र माहेमा पनि गर्जन सितै वर्षा हुने संभावना रहेकोछ।

**युवासाथी' योजनालाई लिएर बवाल, बीडीओ अफिसमा युवाहरूको प्रदर्शन**

मालदा जिल्लाको हरिशचन्द्रपुर-2 ब्लकमा 'युवासाथी' योजनालाई लिएर ठूलो विवाद भएको प्रकाशमा आएको छ। पैसा नपाएको तथा भ्रष्टाचार गरेको आरोपमा युवाहरूले बीडीओ अफिसभित्रै धरना प्रदर्शन गर्न शुरू गरेको तथापि पुलिस अनि केन्द्रिय बलले हस्तक्षेप गरेर आन्दोलनलाई धेर बेरसम्म टिक्न नदिएको कुरा प्रकाशमा आएको छ । प्रदर्शनकारीहरूको आरोप छ, योग्य शिक्षित बेरोजगारहरूले महिनौंदेखिको प्रतिक्षा गरिरहेको ठाउँमा नाबालिक र बुजुर्गहरूको खातामा पैसा गइरहेको छ। साथै दलालहरूको माध्यमबाट सरकारी पोर्टलको जानकारी लिक गरिएको अनि पैसाको सट्टा लाभ दिलाएको गम्भीर आरोप पनि लागेको छ। प्रशासनले सम्पूर्ण मामिलाको जाँच गर्ने भरोसा दिएको छ भने तकनिकी गड़बड़ीलाई चाँड़ै सही बनाउने आश्वासन पनि दिएको छ।

****** ○ ******